## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय,काठमाडौं

### सहुलियत मूल्य पसल संचालन निर्देशन "२०७९"

(व्यवस्थापनवाट स्वीकृत मितिः २०७९ भाद्र १७ गते)

परिभाषाः नेपालीहरुको महान पर्व वडादशैं, तिहार, छठ लगायतमा काठमाडौं उपत्यका र अन्य विभिन्न जिल्लाहरुमा **"पर्वोत्सवको"** लागि सहुलियत मूल्यको पसल मार्फत उपभोक्ताहरुलाई खाद्यवस्तुमा छुट दिई खाद्यान्न तथा मासु जन्य पदार्थमा बजार मूल्य स्थिरिकरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीको हाल मौजुदा कार्य संचालन विनियमावली "२०७९" को विनियम १३८ ले दिएको अधिकार प्रयोग गरि सहुलियत मूल्य पसल संचालन तथा व्यवस्थापनको लागि यो "निर्देशन" तयार गरी लागु गरिएको छ ।

निर्देशनहरु:

१. सहुलियत मूल्यको पसल मितिः २०७९ साल आश्विन १ गते देखि २०७९ साल कार्तिक १५ गतेसम्म संचालन गर्ने ।

२. सहुलियत मूल्यको पसल कम्पनीको उपस्थिति रहेका ४१ जिल्लाको ४४ विक्री स्टलहरुवाट विक्री वितरण हुनेछ। कर्मचारीको व्यवस्थापन भएमा थप विक्री स्टलहरु समेत विस्तार हुनेछ।

३. विगत वर्षहरुको असल अभ्यास, सुगम तथा दूर्गम जिल्लाहरुको खाद्य अवस्थालाई मध्यनजर गरि प्रत्येक जिल्लाको लागि विक्री कोटा छुट्याईएको छ। प्राप्त कोटालाई विक्री वितरण गर्न उत्साहित हुनुपर्नेछ। विक्री नभएमा समिक्षात्मक टिप्पणी सहित प्रधान कार्यालयलाई जानकारी गराउने।

४. जिल्ला स्थित कार्यालयहरुवाट उपभोक्तालाई विक्री गर्ने परिमाणको हकमा खाद्यान्न मौज्दात, उपभोक्ताको चाप र बजारमूल्यलाई अध्ययन गरि आन्तरिक छलफल, निर्णय र कार्यविधि वनाई प्रत्येक उपभोक्तालाई विक्री परिमाण तोक्न सकिने छ।

५. दूर्गम जिल्लाहरुमा खास गरि साविक कर्णाली अञ्चलका जिल्लाहरुमा प्राप्त भएको कोटालाई खाद्य व्यवस्था समितिमा जानकारी गराई समितिको निर्णय/कार्यविधि वमोजिम विक्री वितरणको व्यवस्था मिलाउने।

६. सहुलियत मूल्य पसल संचालन गर्दा विक्री कक्षवाट अनिवार्य रुपमा उपभोक्ताको नाम, ठेगाना, सम्पर्क नम्वर उल्लेख गरि विक्री भएको खाद्यवस्तु र छुट रकम उल्लेख भएको प्रत्येक उपभोक्तालाई वील जारी भएको हुनु पर्नेछ।

७. उपभोक्ताको नाम, सम्पर्क नम्वर, परिमाण र छुट रकम उल्लेख भएको दैनिक विक्री रजिष्टर खडा गरि विक्री विवरण, लेखा, जिन्सी र कार्यालय प्रमुखबाट अनिवार्य प्रमाणित गरि अभिलेख राखने ।

८. अघिल्लो दिनको दैनिक विक्री विवरणः **उपभोक्ताको संख्या, खाद्यान्न वाईजको विक्री परिमाण, छुट रकम खुलेको प्रगति हरेक दिन विहान ११:०० वजे भित्र nfcsales75@gmail.com** वा फोन मार्फत प्रधान कार्यालय विक्री वितरण विभागमा अनिववार्य प्रगति पठाउने, प्रगति नपठाउने सम्बन्धित कर्मचारी तथा प्रमुखलाई नसियत सम्मको कारवाही हुने ।

९. मौज्दातमा रहेको खाद्यवस्तुहरु: सबै किसिमको चामल, गहुँ सबै किसिमको दाल, चिउरा आटा/पिठो, तोरीको तेल, सनफ्लावर तेल, भटमास तेलमा प्रति के.जि./प्रति लिटर रु.७।- (सांत), कर्णालीको सिमि/गेडागुडीमा प्रति के.जि. रु.१०।-(दश) जिउँदो खसि/बोका/च्याङग्रामा प्रति के.जि.रु.१०।-(दश) छुट दिने ।

१०. उपभोक्ताहरुलाई सहुलियतको छुट मूल्य सुसूचित गर्न सबै ठाउँमा एकै किसिमको "युनिफर्म" मा सबै विक्री स्टलहरुमा निम्न नमूना अनुसारको व्यानर बनाई सबैले पढ्न सक्ने स्थानमा टास्ने (राख्ने)।

नमूना

"पर्वोत्सव"

सहुलियत छुट मूल्य पसल "२०७९"

खाद्यान्नको छुट मूल्य विवरण:-

| सि. नं. | खाद्यवस्तुको किसिम | साविकको विक्री मूल्य (प्रति के.जि./प्रति लि.) | छुट मूल्य (प्रति के.जि./प्रति लि.) | छुट पछिको विक्री मूल्य (प्रति के.जि./प्रति लि.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

आयोजक
खाद्य व्यवस्था तथा व्यापार कम्पनी
............... कार्यालय............

चौडाई ४ फिट

लम्वाई ६ फिट

(नोट: आवश्यकता अनुसार कोलम र महल थप गर्ने)

११. सहुलियत मूल्य पसल संचालनको व्यापकता वढाउन स्थानीय सरकार/प्रशासनमा सूचना पठाउने स्थानीय एफ. एम. रेडियो साथै स्थानीय पत्र पत्रिका मार्फत विज्ञापन प्रचार/ प्रसारण गर्ने सो को लागि न्यूनतम आवश्यक पर्ने वजेट सुपथ मूल्य पसल संचालन खर्चवाट खर्च हुने गरि विक्री वितरण विभागले तत्काल निकासाको व्यवस्था मिलाउने।

मोहन प्रकाश चन्द
प्रमुख कार्यकारी अधिकृत